## सूचीकृत हुने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१३**

**मानव अधिकारका लागि महिला, एकल महिला समूह (WHR)** ले आर्थिक वर्ष **२०८३/०८४** का लागि सञ्चालन हुने विभिन्न कार्यक्रम, परियोजना तथा संस्थागत गतिविधिहरूमा आवश्यक पर्ने सामग्री, सेवा तथा परामर्श सेवा खरिद कार्यलाई व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन योग्य आपूर्तिकर्ता, सेवा प्रदायक तथा परामर्शदाताहरूको सूची तयार गर्न लागेको छ।

यस प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भई सम्बन्धित सेवा वा व्यवसाय सञ्चालन गरिरहेका इच्छुक फर्म, कम्पनी तथा योग्य परामर्शदाताहरूलाई यो सूचना प्रकाशित भएको मितिले **१० (दश) दिनभित्र (२०८३ साउन २२ गते कार्यालय समयभित्र)** सूचीकृत हुन आवेदन पेश गर्न अनुरोध गरिन्छ।

### १. सूचीकृत गरिने सामग्री तथा सेवाका क्षेत्रहरू

#### (क) कार्यालय सञ्चालन तथा आपूर्ति

- स्टेशनरी तथा कार्यालय मसलन्द सामग्री
- फर्निचर तथा फर्निसिङ सामग्री
- विद्युतीय तथा हार्डवेयर सामग्री
- प्लास्टिक तथा अन्य कार्यालय प्रयोजनका सामग्री
- कम्प्युटर, ल्यापटप, प्रिन्टर, टोनर, कार्ट्रिज लगायत सूचना प्रविधि उपकरणको आपूर्ति तथा मर्मत
- स्वास्थ्य, सरसफाइ तथा प्राथमिक उपचार सामग्री
- खाद्यान्न, किराना, खानेपानी तथा डेरीजन्य सामग्री

#### (ख) होटल, यातायात तथा व्यवस्थापन सेवा

- होटल, रेष्टुरेन्ट तथा क्याटरिङ (चिया, खाजा तथा भोजन)
- आवासीय तथा गैर-आवासीय तालिम, गोष्ठी, बैठक तथा सम्मेलनका लागि हल, आवास र भोजन सुविधा
- सवारी साधन भाडा, ढुवानी, कुरियर तथा हवाई टिकट सेवा
- सवारी साधनको मर्मत तथा मर्मत–सम्भार सेवा

#### (ग) सूचना, सञ्चार तथा सूचना प्रविधि सेवा

- वेबसाइट डिजाइन, विकास तथा मर्मत
- डोमेन, होस्टिङ तथा नेटवर्क/इन्टरनेट सेवा
- ग्राफिक डिजाइन तथा डिजिटल सामग्री उत्पादन
- भिडियो तथा फोटो छायांकन, डकुमेन्टरी निर्माण, सम्पादन तथा सञ्चार सामग्री उत्पादन
- प्रतिवेदन, पुस्तक, ब्रोसर, फ्लेक्स, ब्यानर, प्रमाणपत्र तथा अन्य मुद्रण सेवा
- सामाजिक सञ्जाल व्यवस्थापन तथा डिजिटल सञ्चार सेवा

**(घ) निर्माण तथा प्राविधिक सेवा**

- भवन निर्माण, मर्मत, रंगरोगन तथा अन्य सिभिल कार्य
- निर्माण सामग्री आपूर्ति
- सोलार प्रणाली आपूर्ति, जडान तथा मर्मत
- संस्थागत सम्पत्तिको बीमा सेवा

**(ङ) पोशाक तथा प्रचार–प्रसार सामग्री**

- झोला, टी–शर्ट, ज्याकेट, टोपी, रेनकोट, पाश्मिना तथा अन्य कपडा सामग्री
- प्रचार–प्रसारका सामग्री तथा ब्रान्डिङ सामग्री

**(च) परामर्श तथा व्यावसायिक सेवा**

- वार्षिक लेखापरीक्षण तथा वित्तीय परामर्श
- अनुसन्धान, अध्ययन, मूल्याङ्कन, तथ्याङ्क संकलन तथा प्रतिवेदन लेखन
- परियोजना मूल्याङ्कन तथा संस्थागत विकास सम्बन्धी परामर्श
- तालिम तथा कार्यशाला सहजीकरण (महिला अधिकार, मानव अधिकार, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI), लैङ्गिक हिंसा, मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग (MHPSS), नेतृत्व विकास, शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, उद्यमशीलता, वित्तीय तथा डिजिटल साक्षरता, सुशासन, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण, परियोजना व्यवस्थापन तथा अन्य सम्बन्धित विषयहरू)
- संस्थाको आवश्यकता अनुसार अन्य सामग्री, सेवा तथा परामर्श कार्य।

## २. आवेदनसँग संलग्न गर्नुपर्ने कागजातहरू

- फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- PAN वा VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि
- आर्थिक वर्ष २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र
- सञ्चालक वा आधिकारिक प्रतिनिधिको नागरिकता प्रमाणपत्र
- सम्बन्धित व्यवसाय सञ्चालन इजाजतपत्र (लागू हुने हकमा)
- कम्पनी प्रोफाइल तथा अनुभव विवरण (लागू हुने हकमा)

## ३. आवेदन सम्बन्धी सर्तहरू

- आवेदनमा सूचीकृत हुन चाहेको सामग्री, सेवा वा परामर्श क्षेत्र स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्नेछ।
- अपूर्ण, ढिलो वा आवश्यक कागजातबिनाका आवेदनहरू स्वीकृत गरिने छैनन्।
- प्राप्त आवेदनहरूको मूल्याङ्कनपछि मात्र योग्य आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई सूचीकृत गरिनेछ।
- सूचीकृत हुनु मात्र खरिद कार्य प्राप्त गर्ने सुनिश्चित आधार मानिने छैन।
- आवश्यकताअनुसार कुनै पनि आवेदन स्वीकृत वा अस्वीकृत गर्ने तथा सूचीकृत सूची अद्यावधिक गर्ने अधिकार **मानव अधिकारका लागि महिला, एकल महिला समूह (WHR)** मा निहित रहनेछ।

**आवेदन पेश गर्ने ठेगाना**

**मानव अधिकारका लागि महिला, एकल महिला समूह (WHR),** छहारी भवन, हात्तीगौडा, काठमाडौं वा ईमेल: communication@whr.org.np